21000060

# NEPALI

*Maximum Marks : 80*

*Time Allotted : Three Hours*

*Reading Time : Additional Fifteen Minutes*

**Instructions to Candidates**

1. You are allowed an **additional fifteen minutes** for **only** reading the question paper.
2. You must **NOT** start writing during reading time.
3. This question paper has **8 printed pages**.
4. It is divided into **two sections : Section A and Section B**.
5. It has **fifteen questions** in all.
6. **Section A** has **three questions**. All questions are compulsory.
7. While attempting **Multiple Choice Questions** in Section A, you are required to **write only ONE option as the answer**.
8. **Section B** has **twelve questions**. You are required to attempt **any four** questions in this section on **any three** out of the four prescribed textbooks.
9. The intended marks for questions are given in brackets [ ].

**Instruction to Supervising Examiner**

1. Kindly read **aloud** the Instructions given above to all the candidates present in the examination hall.

21000060
21000060

SEAL



© *Copyright reserved.*

## SECTION - A
## LANGUAGE - 40 MARKS

**Question 1** **[15]**

**Write a composition in approximately 400 words in Nepali on any *one* of the topics given below.**

**निम्नलिखित कुनै एउटा विषय छानेर नेपालीमा अन्दाजी ४०० शब्दहरूको लम्बाइमा रचना लेख्नुहोस्।**

(i) 'व्यवसाय आयस्रोतको माध्यममात्र होइन तर आत्मा सन्तुष्टि र क्षमता विकासको मार्ग पनि हो।' यस आशयलाई खुलाउँदै एउटा रचना लेख्नुहोस्।

(ii) 'कृत्रिम बौद्धिकता (ए.आई.) – का कारण विद्यार्थीहरू वाह्य क्रियाकलाप, खेलकुद जस्ता कुराहरूदेखि टाढा हुँदैछन्।' – यस भनाइमा आफ्नो विचार व्यक्त गर्दै रचना तयार पार्नुहोस्।

(iii) 'मानिसको असल व्यवहार नै उसको परिचय हो।' उदाहरणसहित यस भनाइको चर्चा गर्नुहोस्।

(iv) 'हुने बिरुवाको चिल्लो पात' – यस उखानको भाव विस्तार गर्दै एउटा सुन्दर रचना लेख्नुहोस्।

(v) 'रहन बस्न ग्रामीण परिवेश नै सर्वोत्तम हुन्छ।' – यस विषयको पक्ष वा विपक्षमा आफ्नो धारणा राख्नुहोस्।

(vi) निम्नलिखित कुनै एक विषयमा मौलिक कथा लेख्नुहोस्।

  (a) सूर्योदय

  (b) तस्विर

**Question 2**

**Read the passage given below carefully and answer in Nepali the questions that follow, using your own words.**

**निम्नलिखित अवतरण ध्यानपूर्वक पढ़ेर त्यसपछि दिएका प्रश्नहरूका उत्तर जतिसक्दो आफ्नै शब्दहरू प्रयोग गरेर लेख्नुहोस्।**

मान्छे, प्रकृति र वातावरणबिचको सम्बन्ध र सन्तुलनलाई लिएर आजभोलि 'इकोफ्रेन्ड्ली', 'इकोटुरिजम' आदि 'इको' उपसर्ग जोडिएका थुप्रै लवजहरू प्रयोग हुन थालेका छन्। यस्ता अभिव्यक्तिको आधार 'इकोलोजी' र 'इकोसिस्टम' शब्द हुन्। सन् १८६९ मा अर्नस्ट हिकेल नामक एक जर्मन वैज्ञानिकले 'इकोलोजी' शब्द प्रयोगमा ल्याएका हुन्। यसमा ग्रिक भाषाका 'ओइकस' र 'लोगस' दुई शब्द समाविष्ट छन्। शाब्दिक अर्थमा घरलाई बुझाउने 'ओइकस'–लाई अङ्ग्रेजीमा 'इको' लेखिन थालियो। त्यस्तै अध्ययन, अनुसन्धान, चर्चा, परिचर्चा हुने विद्यालाई जनाउने शब्द 'लोगस' 'लोजी' प्राप्त गरेर 'इकोलोजी' शब्द निर्माण भयो। यो विद्या अर्थात् 'इकोलोजी' अनुसार हामी बस्ने घर अर्थात् वासस्थानका विषयमा अध्ययन, अनुसन्धान, चर्चा, परिचर्चाले गर्दा त्यहाँको प्राकृतिक परिवेशभित्रको सम्पूर्ण जैविक पदार्थ (जीव, प्राणी र वनस्पति) तथा निर्जीव पदार्थहरू (जल, जमिन, हावापानी, घामपानी एवम् रासायनिक द्रव्यहरू) – को आपसी सम्बन्धबारे बुझ्ने काम हुन्छ। कुनै वासस्थानको प्रणाली निरन्तर चलिरहनका लागि त्यहाँ सृष्टि र उत्पादनसँगै तिनको खपत र सम्भारको प्रक्रिया पनि निरन्तर चलिरहनुपर्छ अर्थात् जन्म र जीवनको चक्रसँगै मृत्यु र संहार पनि चल्दै गर्नुपर्छ। संहार कार्यले पुनः सृष्टिलाई सघाइरहेको हुन्छ। सृष्टि, पालन र संहारको कार्य सम्पादन प्रणालीलाई वातावरण विज्ञानले 'इकोसिस्टम' अर्थात् पारिस्थितिक प्रणाली भन्दछ।

कुनै एउटा पोखरी, ताल वा सिमसारको पारिस्थितिक प्रणालीलाई हेर्‍यौँ भने त्यहाँ वनस्पति घाँस, पात, लेउ, झ्याउ एवम् सूक्ष्म जीवात्माले सौर्य शक्तिको सहायतामा खाद्य पदार्थ निर्माण गरिरहेका हुन्छन्। ती खाद्यवस्तु खपत गरेर जलचर प्राणी र माछाहरू मौलाउँछन्। माछा एवम् अन्य किराफट्याङ्ग्रा खान चराचुरुङ्गी वा गोही सर्पहरू त्यहाँ विचरण गरिरहेका हुन्छन्। त्यहाँ पशुपन्छी वा वनस्पति मरेर, सडेर जल र जमिनलाई पोषण गरिरहेका हुन्छन्। यसैगरी समुद्रको पारिस्थितिक प्रणालीमा पनि सूक्ष्म वनस्पति र अरू झ्याउ लेउले सौर्य शक्तिको सहायतामा माछाको आहारा निर्माण गर्दछन्। माछालाई आहारा बनाएर ह्वेल माछालगायतका विभिन्न प्राणी बाँचिरहेका हुन्छन्। विश्वको सबभन्दा ठुलो प्राणी ह्वेलको आहाराको आधार ससाना माछामा निहित हुन्छ। सानो पोखरी होस् वा विशाल सागर त्यहाँको पारिस्थितिक प्रणालीभित्र आहाराको सञ्जाल निकै जटिल हुन्छ। सबैसँग सबै गाँसिएका हुन्छन्। त्यस्तै कुनै वनजङ्गलभित्रको पारिस्थितिक प्रणाली अध्ययन गर्‍यौँ भने सौर्य शक्ति र वनस्पतिले आहाराको प्रारम्भिक आधार खडा गरेपछि तिनलाई खपत गर्ने तृणहारी हरिण, मृगहरू त्यहाँ जीवन निर्वाह गर्न आइपुग्छन्। तिनलाई आहार बनाउने बाघ, चितुवा हुन्छन्। बाघ, चितुवा एवम् अरू पशुपन्छी र वनस्पति मरेपछि सडेर गलेर फेरि माटो र हावामा लीन हुन्छन्। पारिस्थितिक प्रणाली यसरी नै चलिरहन्छ। यही प्रणालीलाई आफ्नो वासस्थान बनाएर जीवात्माहरू पृथ्वीमा जन्मन्छन्, बाँच्दछन् र मर्दछन्।

विहङ्गम दृष्टिले विचार गर्दा सम्पूर्ण पृथ्वी एउटा घर हो। यहाँ जल, स्थल, वायु, आकाश र तेज (प्रकाश) यी पाँच तत्त्व (पञ्चतत्त्व)–का बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँदछन्। पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन। त्यसैले हामी सबैले यहीँ बाँच्नुपर्छ, यहीँ मर्नुपर्छ। यो सिवाय अरू जाने ठाउँ छैन। पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ। हालका दिनमा जलवायु परिवर्तनका विषयमा विशेष गरेर वायुमण्डल प्रदूषणका कारण पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर विशेष चिन्ता र चासो हाम्रा सामु तेर्सिएको छ।

पर्यापर्यटनको प्रमुख दायित्त्व पर्यावरणलाई शुद्ध राख्ने र तिनलाई बिथोल्ने कुनै क्रियाकलाप नगर्ने जिम्मेवारी वहन गर्नु हो। यस व्यवसायले प्रकृति संरक्षण कार्यलाई आर्थिक एवम् प्राविधिक स्रोत साधन जुटाएर सहयोग पुर्‍याउनुपर्छ। त्यसका अतिरिक्त स्थानीय जनसमुदायको जीविकामा आर्थिक टेवा पनि अनिवार्य रूपमा पुग्नै पर्ने हुन्छ। प्रकृति संरक्षण र पर्यटनबिच सामाजिक सद्भाव कायम भएन भने पर्यापर्यटन विफल हुन्छ।

आफ्नो गाउँ र ठाउँका पर्यटनीय आकर्षणहरू (प्राकृतिक एवम् सांस्कृतिक) – का बारेमा हामी आफैँ सचेत हुनुपर्छ। स्थानीय गौरव र गाथाका प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूको छायाबाट नयाँ पिँढीलाई रोजगारका अवसर मात्र हैन, स्वाभिमानसमेत हौस्याउने अवस्था सिर्जना हुन्छ। नयाँ पिँढीको विदेश पलायनलाई आफ्नै पर्यावरणको आकर्षणले नियन्त्रण गर्नु आजको माग पनि हो।

(साहित्यकार तीर्थबहादुर श्रेष्ठको 'पर्यापर्यटनका सम्भावना र आयाम' शीर्षक लेखबाट केही अंश निकालिएको छ।)

(i) 'इकोलोजी' भन्नाले के बुझिन्छ ? **[3]**

(ii) पारिस्थितिक प्रणाली भनेको के हो? **[3]**

(iii) पञ्चतत्व के के हुन्? सबैले आफ्नो जीवन कसरी व्यतित गर्छन्? **[3]**

(iv) 'विचरण' शब्दको अर्थ के हो? [1]

(a) खानु
(b) हिड्नु
(c) संहार गर्नु
(d) घुमफिर गर्नु

(v) निर्जीव पदार्थ कुन हो? [1]

(a) किरा
(b) चराचुरुङ्गी
(c) जमिन
(d) माछा

(vi) तृणहारी प्राणी भन्नाले के बुझिन्छ? [1]

(a) घाँसमात्र खाने
(b) मासुमात्र खाने
(c) सर्वभोगी
(d) केही नखाने

(vii) पर्यापर्यटनको प्रमुख दायित्व के हो? [1]

(a) परिवेश बिथोल्ने
(b) पर्यावरणलाई शुद्ध राख्ने
(c) आर्थिक पक्षमात्र हेर्ने
(d) गाउँको विकास गर्ने

(viii) के को सहायतामा माछाको आहार निर्माण हुँदो रहेछ ? [1]

(a) तक्निकीको
(b) मानिसहरुको
(c) जलचर प्राणीको
(d) सौर्य शक्तिको

(ix) 'रोजगार' – को विपरीत शब्द कुन हो? [1]

(a) स्वरोजगार
(b) कामदार
(c) बेरोजगार
(d) नरोजगार

2100060 2100060 2100060

**Question 3**
**Do as directed.**
**निर्देशन अनुसार सही विकल्प छनौट गरेर उत्तर दिनुहोस्।**

(i) 'नाक राख्नु' – यस वाग्धाराको अर्थ के हो? **[1]**
- (a) इज्जत गर्नु
- (b) इमान्दार हुनु
- (c) इज्जत थाम्नु
- (d) निहुँ खोज्नु

(ii) 'ओखती मीठो हुँदैन ......।' – यस उखान के ले पूर्ण हुन्छ? **[1]**
- (a) सन्देश तितो हुँदैन।
- (b) कुरा तितो हुँदैन।
- (c) औषधी तितो हुँदैन।
- (d) अर्ती राम्रो हुँदैन।

(iii) 'पूजा' शब्दको पर्यायवाची शब्द कुन हो? **[1]**
- (a) आरती
- (b) प्रार्थना
- (c) अर्चना
- (d) बन्दना

(iv) 'काम गरेको सट्टामा दिइएको पैसा' – यसको सार शब्द के हो? **[1]**
- (a) उधारो
- (b) पैंचो
- (c) पेसकी
- (d) ज्याला

(v) 'निन्दा' शब्दको विपरीत शब्द के हो? **[1]**
- (a) स्तुति
- (b) अनिन्दा
- (c) खोजी
- (d) खुशी

(vi) ऊँटको बच्चालाई के भन्छ? **[1]**
- (a) छावा
- (b) उल्लु
- (c) गाँडु
- (d) टिउरो

21000030

(vii) 'हुन्दैन' शब्दको शुद्ध हिज्जे कुन हो? **[1]**

- (a) हुँदैन
- (b) हुँदैनन
- (c) हुँन्दैन
- (d) हुन्दैनँ

(viii) 'अध्यापक' शब्दको स्त्रीलिङ्ग कुन हो? **[1]**

- (a) गुरुमा
- (b) शिक्षिका
- (c) अध्यापिका
- (d) अध्यापिकी

(ix) 'म लेख्दैछु' – यो वाक्य कुन कालमा छ? **[1]**

- (a) वर्तमानकाल
- (b) भविष्यतकाल
- (c) भूतकाल
- (d) सामान्य वर्तमानकाल

(x) शुद्ध वाक्य छनौट गर्नुहोस्। **[1]**

- (a) मेरी बहिनी सानि र दुब्लो छे।
- (b) मेरो बहिनी सानी र दुब्ली छे।
- (c) मेरी बहीनी सानि र दुब्ली छे।
- (d) मेरी बहिनी सानी र दुब्ली छे।

## SECTION - B
## (LITERATURE - 40 MARKS)

Answer *four* questions from this section on *any three* out of the four prescribed textbooks.
पाठ्यक्रमभित्रका निर्धारित ***चार*** पुस्तकमध्ये ***कुनै तीनवटा*** पुस्तकबाट **चारवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस्।

### गद्य कुञ्ज (GADYA KUNJ)

**Question 4**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

'भोलिपल्ट बिहान चामे हलगोरू लिएर भोकै बेंसीतिर हिंड्यो। बेलुका घर आएको गौंथली रहिनछ। छिमेकीसंग सोधेको दिउँसो लुगाफाटो बोकेर माइततिर हिंड़ी भन्ने कुरा सुनाए।'

(i) चामे किन भोकै बेंसीतिर हिंड्यो? **[1]**

(ii) गौंथली को हो? उ किन घरमा छैन? **[2]**

(iii) यस कथाका कथाकार को हुन्? उनले लेखेका कुनै एउटा कृतिको नाउँ लेख्नुहोस्? **[2]**

(iv) यो कस्तो कथा हो? यस कथाको मूल भाव लेख्नुहोस्। **[5]**

21000060 2100006021000060

**Question 5** **[10]**

'जङ्गल फाँड़ेर बनेको ठाउँठाउँमा आठ–दस घरको गाउँ भेटिन्छ नत्र अतप्पे पातालभित्र एकोहोरो अघि हिंड़िरहनुबाहेक केही छैन।' प्रस्तुत कथामा कस्तो परिस्थितिको वर्णन गरिएको छ? सविस्तार चर्चा गर्नुहोस्।

**Question 6** **[10]**

'एउटा आइतबार यसरी बित्यो' निबन्धमा निबन्धकार राजनारायण प्रधानले एउटा आइतबार कहाँ र कसरी बिताए? विवेचना गर्नुहोस्।

## कविता कुञ्ज (KAVITA KUNJ)

**Question 7**

निम्न अवतरित पद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

'जालझेल छोड़
अप्ठ्यारो बानी खुर्क
जहाँ हाम्रो वास हुनेछ
जहाँ मन्दिर मस्जिद गिर्जा स्तूप
केही छैन।'

(i) उक्त पद्यांश कुन कवितामा पाइन्छ? यस कविताका कवि को हुन्? **[1]**

(ii) कविले कसलाई कस्तो बानी खुर्कने निवेदन गरेका छन्? **[2]**

(iii) कविले कस्तो ठाउँमा वास हुनेछ भनेका छन्? **[2]**

(iv) यस कविताले समग्रमा के शिक्षा दिएको छ? स्पष्ट पार्नुहोस्। **[5]**

**Question 8** **[10]**

'गायत्री दिनु बाबुको छ अधिकार् दीक्षा दिन् माइको
बालक्ले पनि वेद् पढीकन सुसार गर्नू गुरू गाइको।'

– यस कविताको शीर्षक र कविको नाउँ लेख्नुहोस्। कवितामा कहिले र कुन परिस्थितिको वर्णन पाइन्छ? चर्चा गर्नुहोस्।

**Question 9** **[10]**

'जीवन – चंगा' कवितामा कविले मानव जीवनलाई चंगासित तुलना गरेर, यो जीवन कसको हातमा रहेछ भन्ने कुरो व्यक्त गरेका छन्? सविस्तार व्याख्या गर्नुहोस्।

21000060

## जुनेली रेखा (JUNELI REKHA)

**Question 10**

तलको गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

'कस्तो धर्मी बूढ़ा–बूढ़ी देखिस्, तेरो लागि सब इन्तजाम गरिदिए, अब ढुक्कसित चौकीदारको काम गर, बस्ने बासा पनि पाइहालिस्। साह्रो– गाह्रोमा म छँदैछु, डर मान्नुपर्दैन।'

(i) उक्त अवतरणमा वक्ता को हुन्? उनी कोसित वार्ता गरिरहेका छन्। [1]

(ii) यहाँ धर्मी बूढ़ा–बूढ़ी भनेर कसलाई भनिएको हो? [2]

(iii) यहाँ कसले, कहाँ के नोकरी पाएको रहेछ? [2]

(iv) तिनीहरू अहिले कहाँ कुराकानी गरिरहेका छन्? किन तिनीहरू त्यहाँ आएका हुन्? पठित पाठको आधारमा चर्चा गर्नुहोस्। [5]

**Question 11** [10]

'बीसासय आयु होस्, सुखसञ्चले र मेलमिलापसंग जुनी काट।'

– यो आसिक कसले, कसलाई किन दिइएका हुन्? जीवनको यो मोड़सम्म आइपुग्दा पात्र–पात्राले के कस्ता अवस्थाहरू झेल्नुपर्‍यो, विवेचना गर्नुहोस्।

**Question 12** [10]

'जुनेली रेखा' उपन्यासमा चियाकमानका श्रमिकवर्गले भोग्नुपरेका दु:ख – कष्टबारे चर्चा गर्दै कसलाई किन हट्टाबाहिर गरियो, – वर्णन गर्नुहोस्।

## अनि देवराली रून्छ (ANI DEORALI RUNCHA)

**Question 13**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

'के गर्नु नानी, मेरी बाहिरी मन हाँसे तापनि भित्री मन रोइरहेको छ। यी दुइ छोरीहरू नै मेरा अन्तिम सहारा थिए। त्यही दुइटीमा एउटी छोरी चाँहि आज गइरहेकी छे। अब यो आँगन एकदमै शून्ये हुने भो।'

(i) उक्त अवतरणमा कस–कसका माझ वार्ता भइरहेको छ? [1]

(ii) वक्ताको मन किन रोएको हो? [2]

(iii) दुइ छोरीहरू को को हुन्? को आज कता जान लागेकी छ? [2]

(iv) वक्ताको मनमा परेको पीर के थियो? चर्चा गर्नुहोस्। [5]

**Question 14** [10]

'यो सब के थिए अनि के भए बुबा अब हामीले कहाँ जाने?' यहाँ वक्ता को हुन्? उनीहरू यसरी आफू बसेको ठाउँ छोड़ेर किन र कहाँ जान लागेका छन्? चर्चा गर्नुहोस्।

**Question 15** [10]

'अनि देवराली रुन्छ' कस्तो नाटक हो? यस नाटकले दर्शाउन खोजेको मूल कुरा के हो? विवेचना गर्नुहोस्।

---